# प्रेश विज्ञप्ति

पोखरा महानगरपालिकाका कार्यवाहक नगर प्रमुख श्री मन्जुदेवी गुरुङ्गको अध्यक्षतामा आज महानगरपालिकाको वैठक कक्षमा कार्यपालिकाको ५१ औं वैठक सम्पन्न भयो । वैठकले गत साउन १ गते अकस्मात मष्तिस्कघात भई उपचाररत नगर प्रमुख श्री मानबहादुर जिसीको सिघ्र स्वास्थ्य लाभको प्रस्ताव पपारित गर्दै यस सम्वन्धि गरिएका महत्व पूर्ण निर्णयहरुलाई यस प्रेश विज्ञप्ति मार्फत सार्वजनिकीकरण गरिएको छ ।

**निर्णयहरु :**

- श्रद्वेय नगर प्रमुख श्री मानबहादुर जि.सी. ज्यू को प्रारम्भिक उपचारमा संलग्न मेडिप्लस अस्पताल र मणिपाल अस्पताल तथा तहां कार्यरत सम्पूर्ण स्वास्थ्यकर्मीहरुलाई धन्यवाद दिने ।
- नगर प्रमुख श्री मानबहादुर जि.सी. ज्यू को स्वास्थ्य लाभको लागि विभिन्न माध्यम द्वारासिघ्र स्वास्थ्यलाभको कामना गर्नुहुने सम्पूर्ण राजनैतिक दल, जनप्रतिनिधि, संघ संस्था, कर्मचारी, पोखरेली नागरिक एवं शुभेच्छुक महानुभावहरुमा हार्दिक धन्यवाद ज्ञापन गर्ने ।
- नगर प्रमुख श्री मानबहादुर जि.सी. ज्यू मिति २०७८/०४/१ गते अकस्मात विरामी भै उपचारको क्रममा न्यूरो अस्पताल काठमाण्डौमा उपचाररत रहेकोमा उहांको स्वास्थ्य उपचारमा आवश्यक आर्थिक सहयोग उपलव्ध गराउने र तत्कालको उपचार खर्च व्यवस्थापनका लागि रु. १० (दश) लाख प्रकोप व्यवस्थापन कोषबाट खर्च लेख्ने निर्णय गरियो ।
- नगर प्रमुख श्री मानबहादुर जि.सी.ज्यू को स्वास्थ्य लाभको लागि कामना गर्नुहुने महानुभावहरुको लागि सम्पूर्ण वडा कार्यालयहरुमा स्वास्थ्यलाभको पुस्तिका राख्ने ।
- नगर प्रमुख श्री मानबहादुर जि.सी.ज्यू को स्वास्थ्य अवस्थाको बारेमा दैनिक नियमित सूचना प्रवाह गर्ने जिम्मेवारी महानगरपालिकाका प्रवक्ता श्री धनबहादुर नेपालीलाई दिने ।
- कोरोना विरुद्धको खोप लगाईएको र वडा नं. १८ देखि ३३ सम्मका वडाका नागरिकहरुलाई खोप लगाउने कार्यक्रम स्थगित भएको हूंदा सो कार्य तत्काल सुचारु गर्न पोखरा महानगरपालिकाले आवश्यक पहल गर्ने ।

2078/04/05

..............................
(धनबहादुर नेपाली)
प्रवक्ता

प्रवक्ता